# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

दक्षिण पूर्वी एसियाली केन्द्रीय बैंकको अनुसन्धान तथा तालिम केन्द्र (सिसन सेन्टर) ले आयोजना गरेको 'समष्टिगत आर्थिक तथा मौद्रिक नीति व्यवस्थापन' विषयक तालिम २०६८ कार्तिक २८ गते काठमाडौंमा सुरु भयो । तालिमको उदघाटन गभर्नर डा. युवराज खतिवडाले एक समारोहका बीच गर्नुभयो ।

समारोहमा मन्तव्य व्यक्त गर्दै गभर्नर डा. खतिवडाले समस्याग्रस्त विश्व अर्थतन्त्रमा सुधार ल्याउन प्रभावकारी मौद्रिक नीति आवश्यक रहेको बताउनुभयो ।




विश्वको एक भागमा देखिने वित्तीय संकटको असर अन्य भागमा पनि फैलिँदै गइरहेको तर सो संकट नियन्त्रण बाहिर नरहेको उल्लेख गर्दै गभर्नर डा. खतिवडाले वर्तमान समयमा विश्वमा पुँजी पलायन मुख्य समस्याको रुपमा देखापरेको वताउनुभयो । सो अवसरमा उहाँले नेपालमा मौद्रिक कारणभन्दा पनि अर्थतन्त्रको संरचनागत समस्या, राजनैतिक संक्रमण, व्यापारमा मिलोमतो, मौद्रिक नीतिको वहु उद्देश्य, कृत्रिम मूल्यवृद्धि आदि जस्ता गैरमौद्रिक कारणले मौद्रिक नीतिको कार्यान्वयनमा समस्या आउने गरेको बताउनुभयो । नेपालको आर्थिक वृद्धि दर ५ प्रतिशतभन्दा कम रहेको, वैदेशिक व्यापार घाटामा रहेको, भुक्तानी सन्तुलन सामान्य वचतमा रहेको, मुद्रास्फिति उच्च रहेको उल्लेख गर्दै अर्थतन्त्रमा रोजगारी सृजना गरी आय बढाउनुपर्ने र सरोकारवाला निकायहरूबीच समन्वय बढाउनुपर्ने आवश्यकता औंल्याउनुहुदै विश्व तथा राष्ट्रिय अर्थतन्त्रका समस्या समाधानमा उक्त तालिम फलदायी हुने आशा व्यक्त गर्नुभयो ।

समारोहमा स्वागत मन्तव्य व्यक्त गर्दै सिसन सेन्टरका कार्यकारी निर्देशक डा. ए.जी. करुनासेनाले विश्व अर्थतन्त्र लगायत अधिकांश देशहरूमा देखापरेका पुँजी पलायन, न्यून आर्थिक वृद्धि, संरचनागत सीमा जस्ता समस्या रहेको र समाधानमा सहयोग पुग्ने गरी तालिममा प्रशिक्षण दिइने विश्वास व्यक्त गर्नुभयो ।

११ दिनसम्म सञ्चालन हुने उक्त तालिममा सिसनका कुल १७ सदस्य केन्द्रीय बैंकमध्ये ८ बैंकका २५ जना अधिकृतहरूको सहभागिता रहेको छ ।

गभर्नरको कार्यालय